# नगर प्रमुख श्री डम्वर बहादुर रावतबाट
# १६ औ नगर सभामा प्रस्तुत हुने

# नलगाड नगरपालिकाको आर्थिक वर्ष २०८२।८३ को

# नीति तथा कार्यक्रम

नलगाड नगरपालिका, जाजरकोट ।

२०८२ असार १०

**नगर सभाका सम्पूर्ण सदस्य ज्यूहरु,**

१. आज नलगाड नगरपालिकाको १६ औ नगर सभामा आर्थिक वर्ष २०८ २।८३ को बाषिर्क नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न पाउदा म गौरवान्वित भएको छु । नेपालको संविधान जारी भए पश्चात संघीयताको परिणाम स्वरुप प्राप्त संघीयताका लाभहरुको उपभोग गर्दै नेपालको संविधान अनुसार स्थानीय सरकार स्थापना कै कालखण्ड देखि नीति प्रवाह, विधि निर्माण, सेवा वितरण तथा विपद् व्यवस्थापनमा क्रियासिल हुदैं संघियता र लोकतन्त्र लाई संस्थागत बनाउने मार्गमा क्रियासिल छन । तदअनुरुप नलगाड नगरपालिका लोकतन्त्रको लाभलाई जनतासामु वितरण गर्दै राज्यको उपस्थितिलाई जनताको घरदैलोमा पुर्यातउन सदैव प्रतिवद्ध छ ।साथै यस सुखद पृष्ठभुमिका विच नलगाड नगरपालिकाको गरिमामय १६ औ नगरसभामा नलगाड नगरपालिकाको आर्थिक वर्ष २०८ २।८३ को बार्षिक नीति तथा कार्यक्रम सम्मानित सभा समक्ष प्रस्तुत गर्नुपुर्व सर्वप्रथम मिति २०८० साल कार्त्तिक १७ गते राती ११:४७ बजे जाजरकोट जिल्लाको रामिडाडालाई केन्द्र विन्दु बनाएर गएको ६ :४ रेक्टर स्केलको भुकम्पका कारण ज्यान गुमाउने नगरवासी तथा छिमेकी स्थानीय तहका सम्पुर्ण मृतक नागरिकहरु प्रति हार्दिक श्रद्धासुमन ब्यक्त गर्दै भुकम्पमा परि घाईते हुनु भएका घाईतेहरुको सिघ्र स्वास्थ्य लाभको कामना गर्दछु । भुकम्पका कारण क्षती भएका केही जिविकोपार्जन , सशक्तिकरण र भौतीक पूर्वाधार निर्माणमा लगायतका कार्यक्रममा सहयोग गर्नुहुने संघीय सरकार, प्रदेश सरकार र विकास साझेदार निकायहरु प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दै , विनासकारी भुकम्पमा राहत तथा उद्धार, पुनःनिर्माणमा खटिनुभएका जनप्रतिनिधि , राष्ट्रसेवक कर्मचारीहरु , राजनितिक दल , नागरिक समाज , सुरक्षा कर्मी , स्वास्थ्य कर्मि , स्वंयमसेवक लगायत विकास साझेदारी निकायहरु प्रति उच्च सम्मान ब्यक्त गर्दै उहाहरुप्रति सम्पुर्ण नगरपालिका परिवार हार्दिक कृतज्ञता ब्यक्त गर्न चाहान्छु ।

२. नेपाली जनताले पटक पटक ग दैं आएका शसस्त्र शंघर्ष , महान १० वर्षे जनयुद्ध , ऐतिहासिक जन आन्दोलन, त्याग र वलिदानको गौरव पुर्ण ईतिहासलाई स्मरण गर्दै जीवन

उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात वीर सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।साथै शहिद परिवारजनमा उच्च सम्मान व्यक्त गर्दछु । नेपालको सार्व भौमसत्ता , स्वाधिनता, भौगलिक अखण्डता, राष्ट्रिय अखण्डता, राष्ट्रिय हित, स्वाभिमान, लोकतन्त्र र जनजीवनका लागि विभिन्न काल खण्डमा जनताको अधिकार प्राप्तिका आन्दोलनहरुबाट घाईते, बेपत्ता तथा अपाङ्गता भएका व्यक्ति र आन्दोलनमा सहभागी हुन योगदान गर्नुहुने सम्पुर्ण महान योद्धाहरुको स्मरण गर्दै उहाँहरु र अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु । नेपाली समाजको रुपान्तरणमा उहाँहरुले पुर्यायउनु भएको महान योगदानको पुनःस्मरण गर्न चाहन्छु ।

३. संघीयता कार्यान्वयनको क्रममा हाम्रो नलगाड नगरपालिका आर्थिक सम्वृद्धि , सुशासन र विकास को मार्गमा निरन्तर अगाडी बढिरहेको छ । नलगाड नगरपालिका लोकतन्त्रका आधारभुत मुल्य , मान्यता , मानव अधिकार को संरक्षण , सुशासन , उत्तरदायी सरकार , भ्रष्टाचार नियन्त्रण, स्वतन्त्र न्यायपालिका , पुर्ण प्रेश स्वतन्त्रता , विधिको शासन , जनताका आधारभुत हक अधिकारहरु प्रति प्रतिबद्ध छ । यस नगरपालिकाको समग्र विकासको लागि स्वास्थ्य , शिक्षा , कृषि लगायत समस्त क्षेत्रको विकास र विस्तार को प्रचुर सम्भावनालाई उचित व्यवस्थापन एवं परिचालन गरी नगरको समग्र विकास र सम्वृद्धिको लागि हामी सवै दृढसंकल्पित छौ ।

४. नलगाड नगरपालिकाको दोश्रो आवाधिक योजनाले अङ्गीकार गरेको "समृद्ध र सफा नगर, दिगो विकास र सुशासनको शहर " दिर्घकालीन सोच अनुरुप आर्थिक सम्पन्नता , सामाजिक न्याय, उत्पादन बृद्धि , रोजगारी सृजना , गरिवी निवारण , उद्यमशिलता विकास , वातावरण संरक्षण र आधारभुत पूर्वाधार निर्माण मा प्रस्तुत निती तथा कार्यक्रम परिलक्षित रहेको छ । प्रस्तुत निती तथा कार्यक्रम मिति २०८२।०३।०२ गतेको सरोकारवाला निकायहरु प्राप्त सुझाव सहित तय गरिएका बार्षिक योजना तथा कार्यक्रमलाई व्यवस्थित एवं प्रभावकारी तवरले सञ्चालन र कार्यान्वयन गर्नको लागि नगरपालिका भित्रका सम्पूर्ण

राजनितिक दलहरु, स्थानीय जनताहरु र सरोकारवालाहरुको सहयोग र सहकार्यको लागि नगरपालिका आव्हान गर्दछ । गरिमामय नगर सभाका सदस्य ज्यूहरु,

५. आ.व. २०८१।८२ को नगर सभाबाट कार्यान्वयन हुने गरी बजेट विनियोजन भएका तर विविध कारणले निर्माण कार्य सम्पन्न हुन नसकेका स्थानीय तहबाट बजेट विनियोजन भएका योजनाहरुलाई क्रमागत योजना बनाई आगामी आ.व. २०८२।८३ मा बजेट विनियोजन गरिने व्यवस्था मिलाईनेछ । कतिपय कार्यसम्पन्न भएका तर भुक्तानी नभएका योजनाहरुलाई भुक्तानीको व्यवस्था मिलाउन आबश्यक प्रवन्ध गरिनेछ ।

६. भुकम्प पश्चात क्षती भएका नागरिकहरुको आवास निर्माणका लागि राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरणले जारी गरेको निती कार्यक्रम र मार्गदर्शनको अधिनमा रही नेपाल सरकार, विकास साझेदारी निकायहरुसंगको समन्वयमा पुर्ननिर्माणलाई उच्च प्राथमिकतामा राखी पुनःनिर्माणको कार्यलाई तिव्रता दिईनेछ ।

७. नागरिकहरुलाई यातायातको सहज पहुँच पुर्याउने उद्धेश्यका साथ नलगाड नगरपालिका वडा नं १२ तल्लुबगर देखी नलगाड नगरपालिका वडा नं ५ कालिमाटी हुदै जिल्ला सदरमुकाम सम्म नगर बस यसै वर्ष देखी संचालन गरिनेछ ।

८. नगरपालिकाको निती, कानून, मापदण्ड तथा निर्णय कार्यान्वयन, सार्वजनिक सम्पतीको सुरक्षा, संरक्षण, स्थानीयस्तरमा हुने सभा समारोह , परम्परा तथा जात्रा चाडपर्वमा आबश्यक सुरक्षा, स्थानीय बजार तथा पार्किङ्ग , सरसफाई, न्यायिक समितिको निर्णयको कार्यान्वयन, विपद् खोज उद्धार, राहत तथा पुनस्थार्पना, सार्वजनिक ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधार संरक्षण र सुरक्षाको लागि नलगाड नगरपालिकाको नगर प्रहरी ऐन निर्माण गरी नगर प्रहरीको व्यबस्थापन गरिनेछ ।

९. भौगोलिक विकटताको कारण स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका नागरिकहरुको स्वास्थ्य उपचारलाई ध्यानमा राखी नलगाड नगरपालिका वडा नं १ जुरेली , वडा नं ४ बाउसेखोला, वडा नं ८ मैदे र वडा नं ११ रजिकमा आधारभुत स्वास्थ्य सेवा केन्द्र

स्थापना गरी औषधी उपचार समाग्रीहरु सहित आबश्यक स्वास्थ्य कर्मिहरुको व्यबस्थापन गरिनेछ ।

१०. नलगाड नगरपालिकाको सुशासन ईकाइको रुपमा स्थापित गर्न र प्रभावकारी सेवा प्रवाहको सुनिश्चित गर्न आबश्यक कार्ययोजना बनाई लागु गरिनेछ ।

११. नलगाड नगरपालिकामा गौरबको आयोजना रहेको नलगाड नगर अस्पतालको १५ शैया निर्माणधिन भवनको लागि बजेट विनियोजन गरी आबश्यक उपकरण सहित जनशक्तिको उपयुक्त व्यबस्थापन गरिनेछ ।

१२. नलगाड नगरपालिका क्षेत्रभित्र पर्ने भेरि करिडोर र बजार क्षेत्रमा सडक बत्ति जडान गरि नागरिकहरुलाई आवगमनमा सहजता ल्याउने उद्धेश्यका साथ सडक बत्तिको व्यबस्थापन गरिनेछ ।

१३. वडा कार्यालय सम्म सडक पहुँच नपुगेको नलगाड नगरपालिका वडा नं १३ मा सडक निर्माणको लागि संघीय सरकार, प्रदेश सरकार र विकास साझेदारी निकायहरुसंगको समन्वयमा आबश्यक बजेटको व्यबस्थापन गरी सडक निर्माण कार्यलाई उच्च प्राथमिकतामा सडक पूर्वाधारको व्यबस्था मिलाईनेछ ।

१४. नलगाड नगरपालिका भित्र हालसम्म निर्माण भई यातायात संचालनमा रहेका स्थानीय सडकहरुको नामाकरण यसै बर्ष गरिने छ ।निर्माण भएका सडकहरुको स्तरोन्नती कार्यको लागि आबश्यक बजेटको व्यबस्थापन गरिनेछ ।

१५. दिगो खानेपानी सरसफाई तथा स्वच्छता आयोजना र स्थानीय पूर्वाधार सहयोग कार्यक्रमसंगको साझेदारीमा मोटरेवल पुल , सडक , सिंचाई, खानेपानी ,झोलुङ्गेपुल, जलवायू,सरसफाई र लघुजलविद्युत आयोजनाहरु निर्माणको लागि आबश्यक बजेट विनियोजन गरिनेछ ।

१६. नेपाल सरकारबाट प्राप्त सशर्त अनुदान रकमबाट निर्माण गरिने दारिमपाटा देखी घरङ्गा सडक निर्माण र साम्नीखेत गमराख मेगाचौर हुदै बारेकोट जोड्ने सडक निर्माण कार्यलाई गुणस्तरियता सुनिश्चित गरी थप व्यबस्थित गरिनेछ ।

१७. सामाजिक सुरक्षा भत्ता वितरण तथा नविकरणलाई प्रविधिमैत्री बनाई थप व्यबस्थित गर्न नलगाड नगरपालिकाका १३ वटै वडाहरुमा बायोमेट्रिक डिभाइस खरिद तथा संचालन गरिनेछ ।

१८. भौतिक पूर्वाधारहरुको निर्माण गर्दा लाभग्राही समुदायको बढी भन्दा बढी सहभागिता सुनिश्चित हुने, रोजगारीमा सघाउ पुर्याउने, निर्माण पछिको संचालन र मर्मत मा लाभग्राहीको अपनत्व सिर्जना हुने, दीर्घकालिन नगरपालिकाको आयआर्जन मा सघाउ पुर्याउने, वातावरण संरक्षण र बिपद व्यवस्थापनमा सहयोग हुने खालका आयोजनाहरुलाई प्राथमिकता दिईनेछ ।

१९. ग्रामीण सडक निर्माण निर्देशिका बमोजिम सडक निर्माण र उन्नतिको काम गरिनेछ । सडक आसपास पहिरो जान नदिन आवश्यकता अनुसार श्रोतको सीमाभित्र रही भारवहन पर्खाल, बायो–इन्जिनियरिङ्ग तथा पानी निकासको अनिवार्य व्यवस्था गरेर मात्र कार्यपालिकाले सडक आयोजना स्वीकृत गर्ने, सोहि अनुसार बजेट विनियोजन गर्ने र सबै ग्रामीण सडकमा सोको कार्यान्वयन सुनिश्चित गरिनेछ । साथै सडक आसपास बग्ने पानीको निकास, पहिरो तथा भिरालो जमिन स्थिरीकरण गर्न बायो–इन्जिनियरिङ्ग तथा अन्य वातावारण मैत्री, प्रकृति मैत्री प्रविधिको व्यापक उपयोग तथा प्रवर्द्धन गरिनेछ ।

२०. खानेपानीको समस्या रहेका वडाहरुमा संघ , प्रदेशको समन्वय तथा स्थानीय तहमा रहेका खानेपानी सँग सम्बन्धित गै.स.स सँग समेत समन्वय गरी स्वच्छ खानेपानी सेवा विस्तार गर्ने पहल गरिने छ । भुकम्प पछि खानेपानी का मुहानहरुमा पुगेको क्षतीको एकिन गरि मुहान संरक्षण कार्य गरिनेछ । एक घर एक धाराको नीति अवलम्बन गरिनेछ ।सम्पन्न भएका खानेपानी आयोजनाहरुको पानीको मुहान संरक्षण र सम्बर्द्धन गर्ने, पानीको स्रोतलाई लोप हुन नदिनका लागि जगेर्ना गर्ने, नियमित खानेपानी आपूर्ति र गुणस्तरीयताका लागि नलगाड जलश्रोत समितिलाई जिम्मेवार तुल्याई आयोजनाहरुको दिगोपना कायम गरी खानेपानी आपुर्तिलाई सरल र सहज तुल्याईनेछ ।भुकम्प पछि क्षती भएका खानेपानी आयोजनाहरुको उचित मर्मतको व्यवस्था मिलाईनेछ ।

२१. सार्वजनिक स्थलमा खानेपानीको श्रोत खोजी सार्वजनिक धाराको व्यवस्था मिलाउने नीति अवलम्बन गरिनेछ । समग्रमा नलगाड नगरपालिका र सुस्वाको साझेदारीमा निर्माण गरिएको वास प्लान ( WASH PLAN) बमोजिमका कार्यहरु विभिन्न गैरसकरी संस्थाहरु मार्फत भुकम्पबाट क्षती भएका खानेपानीहरु निर्माण गरिनेछ ।

२२. विभिन्न प्रयोजनको लागि वन पैदावारको उपयोग गर्दाको बखत उक्त कार्यलाई नगरपालिकासंगको अनिवार्य समन्वयमा व्यबस्थापन गरी कार्यविधि तर्जुमा मार्फत करको दयारामा समेटिनेछ ।

२३. भुकम्प पछि क्षती पुगेका सिंचाई आयोजनाहरुको एकिन गरि मर्मत कार्यको ब्यवस्था मिलाईने छ । खेती योग्य जमीनमा सिंचाईको पहुँच सुनिश्चित गर्न कुलो सिंचाई निर्माणका लागि संघ तथा प्रदेश सरकार र अन्य साझेदारहरु सँग आवश्यक समन्वय गरिनेछ । अत्यावश्यक स्थानहरु लिफ्ट सिंचाई प्रणालीको सम्भाव्यता अध्ययन गरिनेछ ।

२४. निर्माण सम्पन्न पूर्वाधारहरु नियमित मर्मत गरि दिगो बनाउन मर्मत संम्भार कोषलाई बढाई सवै खाले मर्मत सम्भार कार्य नगर पालिकाबाट गर्ने गरि भौतिक संरचनाहरुको नियमित मर्मत तथा संरक्षण गरिनेछ ।

२५. एम्बुलेन्स, अटो रिक्सा संचालन तथा व्यवस्थापन कार्यविधिलाई कार्यान्यवन गर्दै मापदण्ड अनुरुप संचालन तथा व्यवस्थान कार्य लाई व्यवस्थित गरिनेछ । साथै नगर अस्पताल संचालन तथा व्यबस्थापन कार्यलाई समयानुकुल कार्यविधि मार्फत थप व्यबस्थित गरिनेछ ।

**नगर सभाका सदस्य ज्यूहरु**

२६. पाठ्यक्रमले निर्धारण गरे बमोजिमको समय तालिका अनुसार विद्यालयहरुमा सिकाई कार्यको निरन्तरता दिइने छ । जसको लागि सरोकारवाला निकाय तथा पदाधिकारीहरुबाट नियमित अनुगमन सुपरिवेक्षण गरिने छ ।

२७. विषयगत शिक्षण सिका ई लाई प्रभावकारी बनाउन माद्यमिक र आधारभुत तहमा अध्यापन गराउने गणित ,विज्ञान,अंग्रेजी र सामाजिक शिक्षकहरुको विषयगत शिक्षणलाई सहजीकरण गर्न शिक्षक तालिम संचालन गरी सिकाइ उपलब्धीमा सुधार ल्याइने छ ।

२८.स्थानीय स्तरको आवश्यकता र सम्भाव्यताको अध्ययन गरी स्थानीय पेशा,व्यवसायलाई सिकाईसंग जोड्न , सिकाई र कमा ईको अवधारणा अनुरुप स्थानीय पाठ्यक्रम (हाम्रो नलगाड) प्रभावकारी रुपमा लागू गरिने छ ।साथै नयाँ पाठ्यक्रमको जानकारी प्रदान गर्न पाठ्यक्रम प्रवोधिकरण तालिम संचालन गरिने छ ।

२९. विद्यालय बाहिर रहेका, जोखिममा परेका, टुहुरा तथा अति अशक्त बालबालिकाहरुको तथ्यांक संकलन गरि त्यस्ता बालबालिकाहरुलाई शैक्षिक मुलप्रबाहिकरणमा समाहित गर्न उपयुक्त शैक्षिक प्याकेज मार्फत शिक्षा प्राप्तिको नैसर्गिक अधिकारको सुनिश्चितता गरिने छ ।

३०. नगरपालिका स्तरमा संचालन गरिने आधारभुत शिक्षा उत्तीर्ण परीक्षालाई अझ व्यवस्थित मर्यादित र विश्वसनीय बनाउन क्लस्टर प्रणाली अपनाई परीक्षा केन्द्र संचालन गरि प्राप्त नतिजाको विश्लेषण मार्फत शैक्षिक गुणस्तरमा आवश्यक सुधारका कार्यक्रमहरु संचालन गरिने छ ।

३१. विद्यालयहरुका सूचना जानकारी नगरसम्म र केन्द्र , प्रदेश, जिल्ला र नगरस्तरका सुचना निर्देशन तथा जानकारीहरु विद्यालयहरु समक्ष सम्प्रेषण गर्ने र समग्र शैक्षिक प्रगतिको समिक्षा गर्न चौमासिक रुपमा घुम्ती प्रधानाध्यापक बैठकको आयोजना गरिने छ ।

३२. नगरको आगामी शैक्षिक कार्यदिशा निर्देशका लागी सरोकारवाला सबैको संलग्नतामा शैक्षिक नीति निर्माण गरिने छ । सोको लागी नगरमा संचालित सम्पूर्ण विद्यालय व्यवस्थापन समितिका अध्यक्षले नगर शिक्षा समितिका अध्यक्ष समक्ष र विद्यालयका प्रधानाध्यापकले नगर शिक्षा शाखा बीच शैक्षिक गुणस्तर करार सम्झौता गरिने छ ।

३३. नमुना विद्यालय विकास सम्बन्धि नवीनतम् अवधारणा तथा नेपाल सरकारको निर्धारित मापदण्ड बमोजिमको दीर्घकालीन नमुना विद्यालयको विकास गर्न हालको नमुना विद्यालय कार्यक्रममा पुर्नर विचार गरि एकिकृत क्लस्टर प्रणाली अनुसारको आवाशिय नमुना विद्यालय विकास कार्यक्रमको लागि आवश्यक पहल र तयारी गरिने छ ।

३४. विद्यालयहरुमा लागु भइरहेको दिवा खाजा कार्यक्रम नगदमा आधारित भई संचालन भइरहेकोले दिवाखाजा संग सम्बन्धित मापदण्ड अनुसार संचालन र व्यवस्थापन गर्न त्यस संग सम्बन्धित खाजा व्यवस्थापन समिति तथा विद्यालय सहयोगीहरुको क्षमता विकास गर्न कार्यशाला गोष्ठीको आयोजना गरिने छ ।साथै निर्धारित मेनु अनुसार दिवा खाजा खुवाउने व्यवस्था गरिने छ ।

३५. नगरको उत्कृष्ट विद्यालय र सबै किसिमले कमजोर विद्यालय वीच एक आपसमा अनुभव आदान प्रदान गर्न सबै सरोकारवालाहरुको संयुक्त अनुगमन भ्रमण गरिने छ । जसले एकआपसमा शैक्षिक व्यवस्थापन गर्न टेवा पुग्ने छ ।

३६. यस नगरपालिका वडा नं. ४ पिपलचौरमा संचालित एक मात्र अपांग मैत्री तथा अनाथ मैत्री विशेष आवासिय विद्यालयमा विद्यार्थीहरुको व्यवस्थापन गर्न आवश्यक पर्ने अनुदान रकमलाई निरन्तरता दिइने छ ।

३७. दरबन्दी नभएका मा.वि.आ.वि. र प्रा.वि. विद्यालयहरुमा कम्तिमा एक शिक्षकको व्यवस्थापन हुनेगरी आवश्यक अनुदान रकमको व्यवस्था गरिने छ ।

३८. शिक्षा संग साझेदार निकायहरुको समन्वयमा आवश्यक शैक्षिक सुधारका कार्यक्रमहरु संचालनमा ल्याइने छ ।

३९. सिकाइलाइ कक्षाकोठा केन्द्रित गरी विषय विज्ञ समूह तथा रोष्टर प्रशिक्षकहरुबाट नमुना कक्षा, सिकाइ सहजीकरण पृष्ठपोषण प्रदान गरिने छ ।

४०. यस क्षेत्रका शैक्षिक सरोकारवाला जनप्रतिनिधि, शिक्षक विद्यार्थी र अभिभावकहरुको उपस्थितिमा बृहत शैक्षिक बहस तथा अन्तरक्रिया कार्यक्रम संचालन गरिने छ ।

४१. बालक्लवका पदाधिकारीहरु र किशोर किशोरीहरु लक्षित गरी बालविवाह न्युनिकरण, आत्म हत्या व्यवस्थापन लगाएतका विषयहरुमा सचेतना मुलक कार्यक्रम संचालन गरिने छ ।

४२. नगर स्तरमा प्रतिभा पहिचान कार्यक्रम अन्तरगत मा.वि., आ.वि. र प्रा.वि. तहगत रुपमा प्रतिष्प्रर्धात्मक प्रतियोगिता सञ्चालन गरी उत्कृष्ट विद्यार्थी र विद्यालयहरुलाई उचित प्रोत्साहन गरिने छ

४३. विद्यालयमा स्वास्थ्य तथा सरसफाई कार्यलाई व्यबस्थित गर्न यस नगरपालिकामा ५ (पाँच) मा.वि.हरुमा विद्यालय नर्सिङ्ग सेवाको लागि स्टाफ नर्सको व्यवस्थापन गरिनेछ ।

४४.शिक्षा क्षेत्रको समग्र सुधारको लागि मौजुदा जनशक्ति , श्रोत साधन , पूर्वाधार र जनशक्तिको परिचालन हुने गरी सुधारका आबश्यक प्रतिवेदन र कार्ययोजना सहित थप व्यबस्थित गरिनेछ ।

४५. विनासकारी भुकम्पबाट क्षतीग्रस्त भएका विद्यालयहरुको संरचना निर्माणका लागि संघीय सरकार , प्रदेश सरकार , स्थानीय तह र विकास साझेदारी संघ संस्थाहरुसंग आबश्यक समन्वय गरी टिनको छाना मुक्त बनाई पक्कि भवनहरु निर्माण गरिनेछ ।

४६. स्वस्थीकर पशुपन्छी जन्यउत्पादन (मासु, अण्डा र दुध ) को लागि स्वस्थ पशुपंन्छी उत्पादन हुनुपर्ने तथ्यलाई मध्यनजर गर्दै पशुपंन्छी स्वास्थ प्रर्वद्धन को लागी घरपालुवा पशुपन्छीमा महामारी जन्य रोगहरु (पि.पि.आर. खोरेत, चरचरे, भ्यागुते, रेविज, लम्पि स्किन) आदि जस्ता रोगहरु बाट हुने क्षति लाई रोकथाम नियन्त्रण र निशुल्क उपचार सेवा परिपुर्ति गराईने छ साथै रोग र परजिवि पहिचानको लगी गुणस्तरिय प्रयोगशाला संञ्चालान गरिने छ।

४७. प्राकृतिक गर्भाधान सेवा कार्यक्रम अन्तरगत उन्नत बोका, रांगो, वितरण कार्यक्रम लाई निरन्तरता दिदै पशु नश्ल सुधारका लागी कृत्रिम गर्भाधारण कार्यक्रम लाई विशेष प्राथामिकतमा राखी पशु उत्पादन तथा उत्पादकत्वमा बृद्दी गर्ने लक्ष्य राखिने छ ।

४८. पशुपन्छीको उत्पादन र उत्पादकत्व वृद्धि गर्न एकिकृत रुपमा लागत साझेदारीमा अनुदान तथा अन्य आवश्यक सेवाहरु उपलब्ध गराईने छ ।

४९. बधुवा पशुपालन प्रणालीलाई प्रोत्साहन गरि वातावरण तथा जलवायू अनुकुलन मैत्री पशु पालनमा प्रेरित गर्न स्थानिय उन्नत घासको विउ विरुवा उपलब्ध गराई घाँस खेतमा आधारित पशु पालनमा जोड दिईने छ ।

५०. आय आर्जन, खाद्य सुरक्षा तथा पोषण सुधारका लागी डुवल प्रपोज जातका कुखुराका चल्लाहरु वितरण कार्यक्रमलाई निरन्तरता दिइने छ । मासु तथा दुग्ध जन्य पदार्थको वजारीकरण र स्वच्छ उपभोगका लागी मासु पसल सूधार र डेरि व्यवसाय संचालनका लागी लागत साझेदारी कार्यक्रम लागु गरिनेछ ।

५१. पशु सेवा शाखाबाट हुने पशु उपचारको पहुँच देखि टाढा रहेका वडाहरु पशु सेवा केन्द्र मार्फत सेवा प्रवाहका गरिने छ।

५२. बाख्रा प्रवर्धन कार्यक्रम अन्तरगत उत्पादनसिल बाखा स्रोत केन्द्रको स्थापनामा जोड दिइने छ ।

५३. एक वडा एक विशेष वाली वस्तु उत्पादन कार्यक्रम अन्तरगत पशुपन्छि र मत्यपालनको पकेट क्षेत्रको संभाव्यता वारे अध्य यन गरि १३ व टा वडाहरुमा पकेट क्षेत्र घोषणा गरिने छ।

५४. पशु सेवा शाखा मार्फत चिकित्सकीय सेवालाई नगरपालिकाको १३ वटै वडाहरु समेटिने गरी आबश्यकताका आधारमा सुनिश्चित गरिनेछ ।

५५. भेटेरिनरि प्रयोगशाला र शल्यक्रिया कक्ष निर्माण गरि समयमै रोगको पहीचान र निदान गरि गुणस्तरिय सेवा प्रवाह गरिनेछ ।

५६. नेपाल सरकारको एक वडा एक पशु सेवा प्राविधिकको अवधारणालाई ध्यानमा राखि प्रतेक वडाहरुमा पशु सेवा प्राविधिक व्यवस्था गरि सेवा विस्तार गरिदै लगिनेछ।

५७. पशुपन्छिहरुमा आकस्मिक मृत्यू बाट हुने क्षेतिको जोखिमलाई न्यूनिकरणको लागि पालिका भित्र पालियका पशुपन्छीहरुको अनिवार्य बिमा गराउने तर्फ कृषकहरुलाई प्रेरित गर्ने कार्यलाई जोड दिईने छ।

५८. नलगाड नगरपालिकाको समग्र आर्थिक सामाजिक रुपान्तरणका लागी नलगाड कार्यपालिकाबाट स्वीकृत भएको नलगाड कषि विकास रणनीति २०७६ अनुरूप पशु सेवा शाखाले सोहि अनुसार कार्यक्रम तथा क्रियाकलापहरु संचालनमा ल्याउन विषेश प्राथमिकता दिने तर्फ जोड दिईने छ ।

५९. नलगाड नगरपालिकाका सम्पुर्ण वडाहरुमा आयुर्वेद सेवाको पहुँ च विस्तार गर्न र विभिन्न किसिमका नसर्ने रोग ब्यवस्थापनका लागि नगरपालिकाको कम्तिमा चार (४) स्थानमा प्रत्येक महिनाको २ पटक गाँउघर आयुर्वेद स्वास्थ्य क्लिनिक तथा नसर्ने रोग व्यवस्थापन कार्यक्रम सन्चालन गरिनेछ ।

६०. हाम्रो समुदायमा ज्ञान र प्रेरणाका स्रोतका रुपमा रहनु भएका जेष्ठनागरिकहरुको सम्मान स्वरुप मनोवल उच्च राख्नुका साथै स्वास्थ्य रक्षा गर्न र वृद्धावस्थामा देखा पर्ने विभिन्न किसिमका शारिरीक तथा मानसिक समस्याको ब्यवस्थापनका लागि नियमित स्वास्थ्य परिक्षण, स्वास्थ्य प्रवर्धन गर्ने रसायन एवं शक्तिवद्र्धक औषधि वितरण गर्ने उद्देश्य अनुरुप नगरप्रमुख सँग जेष्ठनागरीक कार्यक्रम सञ्चालनलाई निरन्तरता दिईनेछ ।

६१. मातृ शिशु मृत्युदर न्यूनिकरण तथा भबिश्यमा हुने कुपोषण जन्य रोगबाट बचाउनका लागि प्रयाप्त मात्रामा दुध नआउने समस्या भएका स्तनपान गराईरहेका ६ महिना सम्मका सुत्केरी आमाहरुलाई दुग्धवर्धक औषधि वितरण गर्ने हेतुले नगरउपप्रमुख सँग स्तनपायी आमा कार्यक्रम सञ्चालन गरिने छ ।

६२. कृषिलाई नगरको समग्र आर्थिक विकासको मेरुदण्ड मानेर, जलवायू अनुकूल, वातावरणमैत्री, प्रविधि-सहज र व्यवसायिक कृषि प्रणाली विकास गर्न यस वर्षका लागि निम्न नीतिहरू अवलम्बन गरिनेछ ।

- स्थानीय स्रोत, बीउ बिजन, प्रविधि र श्रमको अधिकतम उपयोग गरी कृषि उत्पादन वृद्धि गरिनेछ ।
- कृषकको क्षमता अभिवृद्धि गर्न तालिम, प्रविधि स्थानान्तरण र प्रयोगशालाको स्थापना गरिनेछ ।
- जैविक विविधता र वातावरण संरक्षण लाई ध्यानमा राखी दिगो कृषि प्रणालीको प्रवर्द्धन गरिनेछ ।
- कृषकलाई सहुलियत दरमा बीउबिजन , प्रविधि, यान्त्रिकीकरण र अनुदान सहयोग उपलब्ध गराइनेछ।
- कृषिमा सहकारी र सामुदायिक सहभागिता बढाई समावेशी विकासमा जोड दिइनेछ ।
- उत्पादन विस्तार र अनुदान सहयोग कार्यक्रमहरू जस्तै : तोरी, गहुँ, धान, मकै, फलफूल जस्ता खाद्यान्न तथा नगदे बाली क्षेत्र विस्तार गरिनेछ ।
- हाइब्रीड तरकारी, च्याउ, हिउँदे आलु, सिड किट वितरण गरी उत्पादन बढाइनेछ ।
- मागमा र उत्पादनमा आधारित कार्यक्रम किसानको आवश्यकतामा आधारित प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ ।
- बेमौसमी तरकारी खेतीमा सिल्पाउलिन प्लास्टिक अनुदान सहयोग गरिनेछ ।
- सामुदायिक नर्सरी तथा सिकाई केन्द्र कृषि प्रविधिको प्रदर्शनी र प्रशिक्षण केन्द्र स्थापना तथा संचालन , एकीकृत कृषि प्रयोगशाला स्थापना माटो परीक्षण, बीउ परीक्षण सुविधा मिलाइनेछ ।
- खाद्यान्न तथा तरकारी बाली सम्बन्धी तालिम कृषकको सीप अभिवृद्धि गरिनेछ ।
- व्यावसायिक मौरी पालन तालिम मौरीपालन प्रवर्द्धन र संरक्षण गरिनेछ ।
- बाली संरक्षण सेवा कार्यक्रम रोग, कीरा, विषादी व्यवस्थापन सेवा प्रदान गरिनेछ ।
- मौरी तथा किट संरक्षण कार्यक्रम रैथाने मौरी तथा परमपरागत संक्रमणकर्ता संरक्षण गरिनेछ ।

- कृषकलाई खेतीका लागि जग्गा भाडामा सहयोग गरी कृषि उद्यमीलाई प्रोत्साहन गरिनेछ ।

६३. पोषणमैत्री स्थानिय शासन अवलम्वन गर्न पोषणमैत्री वडा घोषणाका लागि विशेष अभियान संचालन गरिनेछ । वडाले प्राप्त गर्ने बजेटबाट समेत बजेट विनियोजन गरी पोषण मैत्री वडा घोषणा अभियानलाई विशेष प्राथमिकतामा राखी कार्य गरिनेछ । पोषणमैत्री नगरपालिका घोषणाका लागि वडा तथा अन्तरगतका शाखाको समन्वयमा विशेष योजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।

६४.नलगाड नगरपालिकाको मानसिक स्वास्थ्य निती, २०८१ लाई अवलम्बन गर्दै बढ्दै गईरहेको आत्महत्या तथा मानसिक रोगको समस्यालाई न्यूनिकरणका लागि जनचेतनामूलक कार्यक्रम, दक्ष जनशक्तिबाट मानसिक स्वास्थ्य सेवा परामर्श र औषधिको उपलब्धता गराईनेछ ।

६५. घरमै हुने सुत्केरीमा कमी गर्नका लागि मातृ तथा बाल स्वास्थ्य सेवा समन्वय लागि मोवाईल स्वास्थ्य कार्यक्रम संचालन गरिने छ ।

६६. स्वा स्थ्य संस्थामा आएर गर्भवति जाँच तथा सुत्केरी हुने आमाहरुलाई दिईदै आइरहेको यातायात खर्च र पोषण प्याकेज तथा पोषण कोशेली कार्यक्रमलाई निरन्तरता दिईने छ ।

६७. सुत्केरी पछिको सेवालाई व्यबस्थित गर्न सुत्केरीको घरमै पुगी नरसिङ्ग कर्मचारी द्धारा सुत्केरी तथा नवजात शिशुको जाँच र परामर्श सेवालाई निरन्तरता दिनुको साथै आर्थिक बर्ष २०८१।०८२ सम्म निर्माण भई संचालनमा रहेका ९ वटा बर्थिङ्ग सेन्टरहरुलाई थप व्यबस्थित गरिनेछ । साथै आ .व. २०८२।०८३ मा नलगाड नगरपालिका वडा नं.५ सिर्के र वडा नं ९ तात्रमा बर्थिङ्ग सेन्टर सहितको स्वास्थ्य सेवा संचालन गरिनेछ ।

६८. नलगाड नगरपालिकामा संस्थागत सुत्केरी दर ९०% भन्दा बढी बनाई मातृमृत्यूदर शुन्य बनाउनको लागि स्वास्थ्य संस्थाहरुलाई थप चलायमान गराउदै लगिनेछ ।

६९.नलगाड नगरपालिकामा आर्थिक बर्ष २०८२।०८३ मा १ वटा स्वास्थ्य संस्थामा टेलिमेडिसन सेवा विस्तार गरिनेछ । भने २ वटा स्वास्थ्य संस्थामा प्रसुती कुरुवा घर भएकोमा आर्थिक बर्ष २०८२।०८३ मा थप ५ वटा स्वास्थ्य संस्थामा प्रसुती कुरुवा घर विस्तार र व्यबस्थापन गरिनेछ ।

७०. निर्माणाधिन १५ सैया नलगाड नगर अस्पताल भवन यसै आर्थिक बर्षमा सम्पन्न गरि USG मेसिन, दश जनशक्ति सहितको सेवा संचालनको व्यवस्था मिलाईने छ । साथै उक्त भवन निर्माण सम्पन्नार्थ नलगाड नगरपालिकालाई दायित्व सृजना रकम समेत भुक्तानीका लागि आवश्यक बजेटको ब्यवस्था गरिनेछ ।

७१. हाल सर्ने रोग भन्दा नसर्ने रोगहरुको जस्तैः - मुटु रोग, क्यान्सर, उच्च रक्त चाप, मधुमेह र मानसिक रोग जस्ता रोगहरुको समस्या वढ्दै गएकोले यस्ता रोगहरुको समयमै पहिचान गरि स्वास्थ्य प्रवर्द्ध र्न, रोगथाम र उपचारको व्यवस्था गर्नूका साथै विद्यालय र समुदाय स्तरमा जनचेतना मुलक कार्यक्रमहरु संचालन गरिनेछ। साथै दिर्घरोगबाट ग्रसित नागरिकहरुको विवरण संकलन/पहिचान गरी संघीय सरकारबाट औषधी उपचारको लागि प्राप्त मासिक रु .५०००। लाई पारदर्शि ढंगबाट विवरणको लागि आबश्यक व्यबस्था मिलाईनेछ ।

७२. स्वास्थ्य विमा कार्यक्रम लाई व्यवस्थित गर्न जनप्रतिनिधि र कर्मचारीहरु र शिक्षकहरुलाई अनिवार्य विमा गर्नु पर्ने प्रावधान ल्याईने र प्रत्येक वडाले वडामा वसोवास गर्ने सवैलाई विमाको दा यरामा ल्याउन जनचेतना मूलक कार्यक्रमहरु संचालन लाई निरन्तरता दिईनेछ ।

७३. स्वास्थ्य सेवामा आम नागरिकको सरल र सहज पुहँच सुनिश्चित गर्न यथासम्भव सबै उपायहरु अबलम्बन गर्दै थप व्यबस्थित र मर्यादित तुल्याईनेछ ।

७४. आँखा उपचार सेवालाई व्यवस्थित गर्दै आँखा सम्वन्धि विद्यमान समस्याको रुपमा रहेको मोतिविन्दु रोगको लागि सरकारी तथा गैर सरकारी संघ सस्थाहरु सँग समन्वय गरि मोतिविन्दु शल्यक्रिया शिविर संचालनलाई निरन्तरता दिईनेछ ।

७५. सरकारी तथा गैरसरकारी निकायहरुसंगको समन्वय तथा साझेदारीमा जन्मिदै ओठ तथा तालु फाटेका नागरिकहरुका लागि निशुल्क प्लाष्टिक सर्जरी (शल्याक्रिया) सेवा संचालनको लागि आबश्यक व्यबस्था मिलाईनेछ ।

७६.जोखिममा रहेका बालबालिकाहरुको विवरण संकलन गरि अति जोखिममा रहेका बालबालिकाहरुलाई पुनःस्थापना गर्नको लागि आबश्यक ब्यबस्था गरिनेछ ।

७७. लैङ्गिक हिंसा निवारण कोष कार्यान्वयनमा ल्याई पिडित महिलाहरुलाई लक्षित गरी नगर उपप्रमुख संग महिला तथा किशोरी मैत्री कार्यक्रम संचालनको लागि आबश्यक निती तथा बजेटको ब्यबस्था गरिनेछ ।

७८. नलगाड नगरपालिकामा अव बन्ने सार्वजनिक पूर्वाधार संरचना निर्माणको लागि महिला, बालवालिका, अपाङ्गता तथा जेष्ठ नागरिकहरुको पहुँचयोग्य भौतिक संरचनाहरु निर्माण गरिनेछ ।

७९. महिला समुह, सहकारीहरुलाई प्राथमिकतामा राखी उत्पादनमुलक कार्यमा लगाउन आबश्यक पहल गरिनेछ ।

८०. जेष्ठ नागरिकहरुलाई घरमै स्वास्थ्य परिक्षण गरी घरमै औषधि उपलब्ध तथा जेष्ठनागरिक हेरचाहमा परिवार र समाजको भूमिका बारेमा नगरपालिकाको कार्यनिती तय गरी कार्यक्रम तर्जुमा गरिनेछ ।

८१. नलगाड नगरपालिकालाई बालमैत्री स्थानीय शासन कार्यान्वयन घोषणा पालिका निर्माण गर्नको लागि प्रत्येक वडामा बालमैत्री स्थानीय शासन वडा घोषणा गर्नको लागि आबश्यक बजेट तथा कार्यनिती तर्जुमा गरिने छ ।

८२. नलगाड नगरपालिकाका नागरिकहरुलाई जिविकोपार्जनमा सुधार ल्याउनको लागि राष्ट्रिय बानिज्य बैंकसंगको साझेदारीमा सहुलियत कर्जा ऋण उपलब्ध गराउनको लागि आबश्यक रणनिती तयार गरि यसै वर्षबाट सहुलियत कर्जा ऋण उपलब्ध गराउनको लागि आबश्यक पहल गरिनेछ ।

८३. नेपालको संविधान, २०७२ को धारा ५७ मा स्थानीय तहको क्षेत्राधिकार र अनुसूची ७ र ८ मा उल्लेख भए अनुसार हाल सम्म संचालन भएको न्यूनतम रोजगारी सिर्जना र एकिकृत सूचना प्रणाली संचालन, रोजगारीको हक सम्बन्धि नियमावली, २०७५ को नियम ५ को उपनियम (३), आन्तरिक रोजगारीका अवसरहरु सिर्जना गरेर आर्थिक समृद्धिलाई अगाडि बढाउनु पर्ने , आन्तरिक रोजगारी दशक संचालन गर्न नेपाल सरकारले घोषणा गरेको र सोको कार्यान्वयनको लागि मुख्य भूमिका स्थानीय तहलाई रहेको र औपचारीक तथा अनौपचारीक क्षेत्रमा रहेका श्रमिकहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्दै सामाजिक सुरक्षा सुनिश्चित सहितको पेन्सनवाल समाजको निर्माण , प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७६ को दफा ४३ बेरोजगार ब्यक्ति र रोजगारदाताको तथ्याङ्क संकलन, अध्यावधिक गर्ने , स्थानीय तहको बजेट तथा कार्यक्रमबाट स्थानीय रोजगारी सिर्जना गर्ने, आगामी आर्थिक बर्ष देखी रोजगार कार्यक्रमलाई थप व्यबस्थित गर्दै रोजगार सेवा केन्द्रको कार्यक्षेत्रलाई दायरा प्रभावकारी बनाउदै लगिनेछ ।

८४. स्थानीय तह रोजगार सेवा केन्द्र द्धारा समुदायस्तरमा सुरक्षित वैदेशिक रोजगारी सम्बन्धि अभिमुखीकरण तथा सूचना प्रवाह, वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुसंग वैदेशिक रोजगारी सम्बन्धि अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ ।

८५. यस नगरपालिकामा रोजगार र्प्रवद्धन गर्नको लागि प्रधानमन्त्री रोजगार कार्यक्रमसँग म्याचिङ गरि नगर प्रमुख उद्यमशिल कार्यक्रम माफर्त विपन्न नागरिक, विदेशबाट फर्केका व्यक्तिहरु, विभिन्न कारण प्रभावित भई रोजगार गुमाएका व्यक्तिहरु, जनआन्दोलन, जनयुद्ध तथा विभिन्न अधिकार प्राप्तिका आन्दोलनबाट प्रभावित नगारिक तथा परिवार र सूचिकृत वेरोजगार नागरिकहरुलाई रोजगारी प्रदान गर्न नगर प्रमुख उद्यमशिल कार्यक्रमलाई थप व्यवस्थित गर्दै निरन्तरता दिईनेछ ।

८६. स्थानीय कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्यमहरुको प्रवर्धन गर्न सीपमूलक तालिमको व्यवस्थागरी उत्पादित वस्तुहरुको बजारीकरणको सुनिश्चितता प्रदान गरिनेछ ।

८७. लघुउद्यम विकास कार्यक्रम अन्तर्गत नयां उद्यम सिर्जना तथा पुराना उद्यमीको स्तरोन्नती गरिनुका साथै उद्यमीहरुलाई उत्प्रेरणा जगाउने कार्यक्रमहरु समेत संचालन गरिनेछ ।

८८. नगरपालिका भित्रका सहकारीहरुको असल अभ्यास आदानप्रदानको लागि अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ ।

८९. सहकारीको माध्यमबाट सीप हस्तान्तरण नीति अवलम्बन गरी विभिन्न क्षमता विकास, सिप विकास तथा आय आर्जन सम्बन्धी तालिम कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

९०. नेपाल सरकार , प्रदेश सरकार ,जिल्ला घरेलु कार्यालय र विकास साझेदार निकायहरुसंग सम्पर्क गरी घरेलु उद्योग सम्बन्धी कार्यक्रम समन्वय , साझेदारी तथा सहकार्यमा ग्रामिण औद्योगिक क्षेत्र निर्माण गर्न जोड दिइनेछ ।

नगर सभाका सदस्य ज्यूहरु,

९१. नलगाड भित्रको परम्परागत लोक संस्कृतीहरु (ख्याली, लहरे सिंगारु नाचहरु) जगेर्ना गर्न, लोपोन्मुख जाति, आदिवासी, जनजातिको भाषा, संस्कृति र धर्मको संरक्षण र विकासमा जोड दिन लोपोन्मुख कला संस्कृती पुस्ता हस्तान्तरण सहित प्रशिक्षण तथा विकासका लागि नलगाड लोक संस्कृती पुस्तानतरण कार्यक्रम सञ्चालन गरि आवश्यक बजेट विनियोजन गरिनेछ । नलगाड साँस्कृतिक महोत्सवलाई निरन्तरता दिदै आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

९२. लोपोन्मुख ,सीमान्तकृत पिछडिएका एंव अल्पसंख्यक समुदायलाई प्राथमिकता दिई उद्यमशीलता प्रवर्द्धन गर्न आबश्यक उपायहरु अबलम्बन गरी प्रभावकारी कार्यान्वयनमा जोड दिईनेछ ।

९३. संस्थागत सुधारको लागि कार्यालयमा रहेका जनशक्तिलाई व्यवस्थापन गर्नको लागि O&M ले सिफारिस गरे बमोजिम व्यहोरालाई लागु गरिनेछ । नगरपालिकामा कार्यरत कर्मचारीहरुको कार्य प्रक्रियालाई वैज्ञानिक ढंगले व्यवस्थापन गर्न प्रमुख प्रशासकीय अधिकृत एवमं सबै कर्मचारीहरु बीचकार्यसम्पादन करारको सम्झौता गरी सेवा प्रवाहलाई

थप प्रभावकारी एवमं नतिजामुलक बनाइने छ । साथै कर्मचारीको मनोबल उच्च राख्न कर्मचारीको क्षमता अभिवृद्धि तालीम, पुरस्कार, सम्मान र प्रोत्साहन समेतको व्यवस्था मिलाइने छ । "Right man in Right place, at Right Time" को नीति अवलम्बन गरिनेछ ।

९४. सेवाग्राहीको गुनासो सुनुवाई तथा सहजताको लागि सेवा प्रवाहको मापदण्ड तयार गरी सेवा प्रतिको सन्तुष्टि मापन गर्ने व्यवस्था मिलाईने छ । नागरिक सहायता कक्षको सेवा प्रवाहलाई थप व्यवस्थित गरि सेवाग्राहीको सन्तुस्टी परिक्षण तथा गुनासोहरुको उचित अभिलेखिकरण तथा प्रकाशनको व्यवस्था मिलाईने छ । डिजिटल नलगाड को अभियान अनुरुप नगरपालिका र सो अन्तर्गतका शाखाहरु र वडा कार्यालयवाट प्रवाह गरीने सम्पूर्ण सेवा प्रवाहलाई प्रविधिमा आधारित टोकन, अनलाइन रजिष्ट्रेसन तथा कम्प्युटर बिलिङ सञ्चालन गर्दै प्रभावकारी कार्यानवयन गरिनेछ ।

९५. नगरपालिकाको दोश्रो आवधिक योजना र बजेट बीच तादात्म्यता मिलाई मध्यकालीन खर्च संरचनालाई व्यवस्थित गरिनेछ । नगरपालिका केन्द्र तथा सबै वडा कार्यालयहरुमा डिजिटल नागरीक वडापत्र तथा क्षतिपूर्ति सहितको नागरीक वडापत्र कायम गरी सेवा उत्तरदायी संयन्त्रको विकास गर्दै लगिने छ । सवै वडाहरुमा गुनासो संकलनको व्यवस्था मिलाई फछ्र्यौटको आवश्यक व्यवस्था मिलाईनेछ । नगरपालिका मातहतका सवै शाखाहरु वडाहरु र कार्यालयहरुमा अनिवार्य गुनासो पेटीका, सुझाव पेटीकाको व्यवस्था गरिनेछ ।

९६. नलगाड नगरपालिकाले प्रस्ताव गरेको नलगाड नदि र नहकुली लेकको चिन्ह अंकित हुने गरि नगरपालिकाले आफ्नै नगर चिन्ह (लोगो) यसै आर्थिक बर्षबाट सार्वजनिकीकरण गरी प्रयोगमा ल्याईनेछ ।

९७. नगरपालिका भित्र ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर लगायतको बिक्री तथा निकासी प्रणालीलाई व्यवस्थित तुल्याउन सम्भाव्य सबै क्षेत्रहरुलाई करको दायरामा ल्याइनेछ । साथै यस नगरपालिका अन्तर्गत संचालित योजनाहरुमा उपभोक्ता वा निर्माण कम्पनीले उपयोग गर्ने नदी जन्य तथा अन्य प्राकृतिक स्रोत सामाग्रीहरुको उपयोग गरे बापतको कर नगरपालिकाको आर्थिक ऐनमा व्यवस्था भए बमोजिमको दरमा असुली गर्नको लागि

आवश्यक पहल गरिनेछ । कर सङ्कलनलाई थप प्रभावकारी बनाई प्रक्षेपण गरिएको राजश्व समयमा सङ्कलन गर्न वडा समितिलाई परिचालन गरिनेछ ।

९८. सूचना तथा संचार प्रक्रियालाई थप प्रभावकारी बनाउन सूचना तथा संचार माध्यमहरु सँगको साझेदारीमा क्षमता अभिबृद्धिका कार्यक्रमहरु संचालन गरिनेछ । साथै राज्यको चौथो अंगको रुपमा रहेको पत्रकारिता जगत सँग नगरपालिकाको समग्र विकासको अभियानमा सुझाव, सहयोग माग्दै अगाडि बढ्ने नीति लिइनेछ ।

९९. नलगाड नगरपालिकाबाट पारित भएको नलगाडमा कार्यरत विकास साझेदारी संस्थाहरु परिचालन तथा सहजिकरण कार्यविधि , २०८२ अनुसार विकास साझेदार संस्थाहरुले उच्च मनोवलका साथ काम गरी नागरिकहरुलाई सेवा प्रवाह गर्न आबश्यक सहजिकरण गरिनेछ ।

नगर सभाका सदस्यज्यूहरु,

१००. संभावित जोखिम् स्थानहरुको भौगर्भिक अध्ययन मार्फत पहिचान र नक्सांकन गरिनेछ । वाढी तथा पहिरोको जोखिम् कम गर्नको लागि विभिन्न निकायहरुसंग लागत साझेदारी गरि पूर्वसूचना प्रणालीको स्थापना र विकास गरिनेछ ।

१०१. स्थानीय तहमा गरिएको भौगर्भिक अध्ययन प्रतिवेदनको आधारमा वर्ग २ मा रहेको वस्तीहरुमा अल्पिकरणको कामहरु गरिनेछ । सोको स्रोत व्यवस्थापनको लागि जिल्ला , प्रदेश र संघीय सरकार समक्ष आवश्यक समन्वय र पहल गरिनेछ ।अल्पीकरण योजना सञ्चालन गर्दा वातावारणमैत्री, प्रकृति मैत्री र परम्परागत रैथाने ज्ञानलाई प्राथमिकता दि नु पर्ने ।

१०२. विपद मा पहिलो पंतिमा रहेर काम गर्ने भनेको समुदायका घरधुरीहरुनै हुन् समुदायलाई विपद् व्यवस्थापन प्रति थप जिम्मेवार , सक्षम र सवल वनाउनको लागि स्थानीय स्तरमा आधारभूत खोज उद्धार र प्राथमिक उपचार सम्वन्धी पुर्नताजगी तालिम संञ्चालन गनिनेछ । तालिम पश्चात खोज उद्धार र प्राथमिक उपचारको लागि आवश्यक पर्ने सामाग्रीहरुको व्यवस्था गर्नुपर्ने ।

१०३. विपद् पूर्वतयारी तथा प्रतिकार्यमा आधारित भै प्रक्रियागत र वास्तविक घटनालाई आधार बनाई नमूना अभ्यास क्रियाकलाप संचालन गरिनेछ । विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि सामुदायिक स्वयंसेवक कार्यदल गठन गरिने छ । उक्त कार्यदललाई तालिमको व्यवस्था गरिने छ ।

१०४. अति उच्च जोखिममा रहेका वस्तीहरुको पुननिर्माण तथा पुनस्थपनाका लागि स्थानीय सरकारले व्यहोर्नुपर्ने लागत रकम विनियोजन गरिनेछ । पहिरो जोखिम (वर्ग २) बस्तिको प्राथमिकता तथा प्राविधिक सम्भाव्यताका आधारमा पहिरो जोखिम न्यूनीकरण गर्न विज्ञहरु संलग्न गराई प्राविधिक अध्ययन गर्ने र विस्तृत प्राविधिक प्रतिबेदन तयार गरिनेछ । नगरपालिकाको आफ्नो स्रोतको उपलब्धताका आधारमा विस्तृत प्राविधिक प्रतिबेदन कार्यान्वयन गर्नेछ । स्रोत अपुग भई विस्तृत प्राविधिक प्रतिबेदन कार्यान्वय गर्न समस्या हुने भएमा उक्त विस्तृत प्राविधिक प्रतिबेदनका आधारमा प्रदेश तथा संघमा रकम प्राप्त गर्न समन्वय गरिनेछ ।

१०५. मनसुनजन्य विपद् पुर्वतयारीका लागि जल तथा मौसम विज्ञान विभाग सँगको समन्वयमा स्वचालित जल मापन र खोलामा पानिको सतह मापन गर्ने यन्त्र जडान गरिने छ । यसका साथै स्थानीय भूपरिवे श अनुसारको विपद् पूर्व सुचना प्रणाली जडानका लागि सम्बन्धित मन्त्रालय र निकायहरुसँग समन्वय गरिनेछ ।

१०६. विपद् पोर्ट ललाई पुर्णता दिई विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापनको कार्यलाई चुस्त दुरुस्त राख्न सुचना संकलन र अद्यावधीकलाई प्राथमिकताको साथ अघि बढाइने छ । र यसका लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।

१०७. जोखिममा रहेका वस्तीलाई अस्थायी स्थानानतरणका लागि पहिचान भएका खुला तथा सुरक्षीत स्थानमा अति आवश्यक पूर्वाधारहरुको सुनिश्चितता सहित अत्यावश्यक बस्तुहरुको भण्डारण गरिनेछ । विप दको समयमा प्रयोग गर्न सकिने गरी आकास्मीक आश्रयस्थलको निर्माणका लागि बजेट बिनियोजन गरिनेछ । विपद्को समयमा प्रयोग गर्न

सकिने विद्यालय , सामुदायिक भवन तथा अन्य सार्वजनिक भवनहरुको पहिचान गरी आवश्यक बन्दोबस्ती गरिनेछ ।

१०८. उत्पादन गर्दछ फोहोर जसले, तिर्दछ व्यवस्थापनको मुल्य उसले, भन्ने सिद्धान्तलाई निरन्तरता दिदै नगर क्षेत्रमा उत्सर्जन हुने फोहोरमैलालाई व्यवस्थित ढंगले व्यवस्थापन गर्नको लागि नलगाड नगरपालिका वडा नं ५ गेरेनीमा डम्पिङ साईट निर्माण गरिनेछ ।

१०९. नगरपालिकावासी नागरीकहरुका बीचमा सामाजिक सदभाव र मेलमिलाप कायम गर्न न्यायिक समितिमा पर्न आएका बिबादहरुको निष्पक्ष र प्रभावकारी निरुपण गर्नका लागि न्यायिक समितिको सशक्तिकरण सँग सम्बन्धित क्रियाकलाप संचालन गरिनेछ ।

११०. यस नगरपालिकामा कार्यक्षेत्र भएका विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरु एकद्धार प्रणाली माफर्त नगरपालिका आई नगरपालिका र वडा कार्यालयको समन्वय तथा सहकार्यमा रही योजना तथा कार्यक्रम प्रस्तुत ग र्नु नीति अवलम्वन गरिनेछ । आफ्नो नीति तथा कार्यक्रममा रहि उत्कृष्ट कार्यसम्पादन गर्ने सरकारी तथा गैरसरकारी संघ संस्थाहरुलाई प्रोत्साहन तथा पुरस्कृत गरिनेछ ।

१११. यस नगरपालिका भित्र सञ्चालन भएका राष्ट्रिय तथा अन्तराष्ट्रिय सामुदायिक एवमं गैर सरकारी संस्थाहरुसँग सामाजिक विकासमा साझेदारी गर्दै ती संस्थाहरुलाई जवाफदेही र मर्यादित बनाउदै पारदर्शि व्यवस्थित रूपमा परिचालन गरिनेछ ।नगरपालिकासँग विकास र जनसेवामा साझेदारी गर्न चाहने राष्ट्रिय , अन्तराष्ट्रिय , गै .स.स. सँगको सहकार्यलाई प्राथमिकता दिई स्थानीय सरकार सञ्चालन ऐनमा भएको व्यवस्था समेतका आधारमा विकासका गतिविधिमा गै.स.स. सँग समन्वय तथा सहकार्य गरिनेछ ।

११२. भुकम्पबाट क्षतिग्रस्त सार्वजनिक संरचनाहरुको पुनःस्थापना र पुर्ननिर्माण कार्यलाई उच्च प्राथमिकतामा राखिने छ । भुकम्पबाट क्षति भएका निजी आवास तथा सार्वजनिक संरचनाको प्रबलीकरण, पुर्ननिर्माण र पुनःस्थापनाकार्य शिघ्र सम्पन्न गरिने छ । यसका लागि साझेदार निकायहरुले गर्ने क्षेत्रगत कार्यहरुको निर्धारण गरी सोही अनुसार परिचालनको व्यवस्था मिलाइने छ ।

११३. आयोजना संचालन तथा व्यबस्थापन कार्यविधिको समयानुकुल सापेक्षिक तवरले तर्जुमा गरी आर्थिक बर्ष २०८२।०८३ देखी रु.५ (पाँच) लाख भन्दा ठुला योजनाहरुको दिगोपना र गुणस्तरियता सुनिश्चित गर्न कार्यविधिको तर्जुमा गरी तदनुरुप तवरले व्यबस्थापन गरिनेछ ।

११४. संविधानको मर्म र भावना अनुसार सहमति, सहकार्य र सहअस्तित्वको सिद्धान्तलाई अंगिकार गर्दै यस नलगाड नगरपालिका क्षेत्रलाई कार्यक्षेत्र बनाई सेवा प्रवाह गरिरहेका विभिन्न विकास साझेदार संघ संस्थाहरुको प्रोफाइल तयार गरी समन्वय र सहकार्यको अवसरलाई अझ वृहत बनाउन नगरपालिकामा एक एनजिओ डेस्क स्थापना गरी कार्य प्रारम्भ गरिने छ ।

११५. विकास साझेदार संघ संस्थाहरुले गर्ने कार्य र त्यसका प्रगति प्रतिवेदनहरुको दस्तावेजीकरण गरी अद्यावधिक गरिने व्यवस्था मिलाइने छ । जसका लागि यस नगरपालिकाको नेतृत्वमा विकास साझेदारहरुको चौमासिक समिक्षा बैठक सञ्चालन गरिने छ । साथै आवश्यकता र प्राथमिकताका आधारमा विषयगत सह–लगानीका सम्भावनाहरुमा आवश्यक गृहकार्य गरी आर्थिक सहकार्यको दायरालाई फराकिलो बनाउने नीति अवलम्वन गरिने छ ।

११६. भुकम्पबाट प्रभावित संरचना , आवासहरुको पुनःनिर्माण तथा पुनःस्थापनाको लागि संघीय सरकार, प्रदेश सरकार , विपद् जोखिम न्यूनिकरण तथा व्यबस्थापन प्राधिकरण , राष्ट्रिय तथा अन्तराष्ट्रिय सरकारी तथा गैरसरकारी निकायहरुसंग आबश्यक समन्वय गरी उच्च प्राथमिकता दिईनेछ ।

११७. नेपालको संविधानले परिकल्पना गरेको खुला, जनमूखी, पारदर्शी र जवाफदेही स्थानीय सरकार बनाउन, नलगाडका विभिन्न जातजाति, धर्म वा सम्प्रदाय बीचको सु-प्रविधि र उपायको प्रयोग गरी सबै खालका आमसञ्चार माध्यमको विकास गर्दै स्वस्थ, मर्यादित सम्बन्धलाई प्रगाढ बनाउँदै, सामाजिक सद्भावका लागि सौहार्दपूर्ण

सम्बन्धको सेतुका रूपमा काम गरी नागरिकको सूचना र अभिव्यक्ति स्वतन्त्रताको हकको संरक्षण गर्दै, सूचना तथा सञ्चार क्षेत्रका अत्याधुनिक, जिम्मेवार, स्वतन्त्र, व्यवसायिक र उत्तरदायी आमसञ्चार क्षेत्रको विकास र प्रर्वद्धन गरी पूर्ण प्रेस स्वतन्त्रताको ग्यारेण्टीका लागि राष्ट्रिय आमसंचार निती बमोजिम नलगाड नगरपालिकाद्वारा 'आवश्यक कार्यविधि तर्जुमा गरि आबश्यक व्यबस्थापन गरिनेछ।

११८. सामुदायिक वाल विकास कार्यक्रम संचालनमा रहेका विद्यालयका शिक्षक/शिक्षिकाहरुको उपयुक्त व्यबस्थापन गरिनेछ ।

अन्त्यमा,

नलगाड नगरपालिकाले विगतका नीति तथा कार्यक्रमलाई निरन्तरता दिदै यसका असल पक्षलाई अवलम्बन गरी आ.व. २०८२।८३ को नीति तथा कार्यक्रम प्रस्तुत गरेकोछु । र यस अवसरमा हाम्रो निमन्त्रणा ग्रहण गरि व्यस्त तथा अमुल्य समयको बा बजुद यस नगर सभामा पाल्नुहुने नगर सभाका सदस्य ज्यूहरु , कर्मचारीहरु, संचारकर्मीहरु लगायत सम्पुर्ण सरोकारवालाहरु प्रति हामी आभारी छौ।साथै यस कार्यलाई प्रभावकारी र सफल कार्यान्वयनका लागि सहयोग गर्ने सवै पक्ष र निकायहरुबाट सदाझै सल्लाह , सहयोग र सुझावको अपेक्षा गर्दै वार्षिक नीति तथा कार्यक्रम तर्जुमा कार्यमा रचनात्मक सल्लाह एव्म सक्रिय सहयोग गर्नुहुने सवैमा धन्यवाद दिदै नीति तथा कार्यक्रमको सफल कार्यान्वयका लागि समेत पुर्ण साथ सहयोगको अपेक्षा गर्दछु । नेपालको संविधान कार्यान्वयनका माध्यमबाट नगरलाई सम्बृद्धिको यात्रा त र्फ अग्रसर गराउन योगदान पुर्यानउने राजनीतिक दलहरुप्रति हार्दिक आभार प्रकट गर्दछु । नगरको समग्र आर्थिक–सामाजिक विकासमा आ–आफ्नो क्षेत्रबाट भूमिका निर्वाह ग र्ने स्थानीय सरकारका प्रतिनिधि , राष्ट्र सेवक कर्मचारी, सुरक्षाकर्मी, निजि तथा सहकारी क्षेत्र , नागरिक समाज, बुद्धिजीवी, संचार जगत तथा सम्पूर्ण नगर बासीहरु तथा नगरको विकास प्रयासमा प्रत्यक्ष र अप्रेत्यक्ष सहयोग पुर्याउने सरकारी तथा गैरसरकारी संघसंस्थाहरु सवैलाई हार्दिक धन्यबाद दिन चाहान्छु ।

**धन्यवाद !**

**२०८२ असार १० गते ।**